बैठक संख्याः

आज मिति २०७९ साल असोज ११ गते मंगलबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी च्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री रामकुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र कुमार स्याङतान | विद्यालय निरिक्षक, सातौं | |
| २ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक, पाचौं | |

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७९ असोज ११ गते मंगलबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. १० (दश) शैया अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
३. पालिकास्तरीय योजना अनुगमन समिति गठन सम्बन्धमा ।
४. बेरुजु फर्छ्यौट समिति गठन सम्बन्धमा ।
५. विद्युत ठेकेदारलाई कारवाही सिफारिस सम्बन्धमा ।
६. रामपुर सभा हलको जग्गा विवाद सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा विगतका विभिन्न कार्यपालिका बैठकको निर्णय अनुसार यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत भएको १० शैयाको अस्पताल निर्माणको लागि गाउँपालिकाको नाममा रहेको साविक नेत्रकाली ५/घ मा कित्ता नं. ८५ को ४-०-०-० (चार रोपनी) र सिमानामा रहेको ऐलानी पर्ति ४-०-०-० समेत जम्मा ८-०-०-० रोपनी जग्गामा डि.पि.आर.( विस्तृत योजना प्रतिवेदन) र माटो परीक्षण गरी कार्यपालिकाबाट डि पि आर स्वीकृत गरी अस्पताल निर्माणको लागि बजेट निकासाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरिएकोमा हाल सो क्षेत्रमा पानीको अभाव देखिएकोले अस्पतालको केही संरचना साविक डि पि आर भएको स्थानमा र मुख्य संरचना घ्याङलेख गाउँपालिका वडा नं. ३, डुम्रे कोल्टारमा रहेको पूर्वमा मरिण खोला, पश्चिममा व्यक्तिको नम्बरी जग्गा, उत्तरमा सार्वजनिक जग्गा र दक्षिणमा मरिण खोला चार किल्ला रहेको करीब ८-०-०-० (आठ रोपनी) जग्गामा डि.पि.आर. र माटो परीक्षण गरी मुख्य भवन लगायतको संरचना निर्माण गर्ने र जग्गा प्राप्तीको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका स्तरीय योजना अनुगमन समितिमा कार्य पालिका सदस्यहरु मध्येबाट तपशिलका दुइजना कार्यपालिका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

<u>तपशिल :</u>

(क) श्री सान्नानी नेपाली
(ख) श्री निम वहादुर थामी

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकामा विगत देखि नै फर्छ्यौट हुन बाँकी बेरुजु फर्छ्यौट/असुल उपर गर्न गराउन तपशिलको बेरुजु फर्छ्यौट समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल :**

(क) श्री रोशन कुमार भ्लोन (वडा अध्यक्ष) : संयोजक

(ख) श्री राम कुमार कार्की (प्र.प्र.अ) : सदस्य

(ग) श्री सुरेश कुमार अधिकारी (लेखा अधिकृत, सातौं) : सदस्य

(घ) श्री मिठु कुमारी विश्वकर्मा (का.पा सदस्य) : सदस्य

(ङ) श्री पदम बहादुर सुनुवार (आ.ले.प सहायक) : सदस्य सचिव

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७५।०७६ मा घ्याङलेख वडा नं. ५ मा विद्युतिकरणको लागि सम्वन्धित निर्माण व्यवसायी कम्पनीसँग ठेक्का सम्झौता भएकोमा हालसम्म पनि सो कार्य सम्पन्न हुन नसकेको र कार्यसम्पादन सन्तुष्टिजनक नभएकोले उक्त निर्माण कम्पनीलाई यथासिघ्र कार्य सम्पन्न गर्न ताकेता गर्ने र समयमा काम नगरे ठेक्का रद्द गरी कारवाहीको लागि नेपाल विद्युत प्राधिकरण लाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर सभा हलको जग्गा विवाद रहेकोमा उक्त विवाद समाधानको लागि जग्गा धनी लाई अर्को कार्यपालिका बैठकमा बोलाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** विविध सम्बन्धमा छलफल गर्दा

क. गाउँपालिकाको पाँचवटै वडाहरुमा वर्षातको कारण सडकमा क्षति पुगि सवारी आवागमन हुन नसकेको हुँदा सडक मर्मत गर्न अमानतमा काम गर्ने गराउने निर्णय गरियो ।

ख. गाउँपालिकामा सम्पन्न गर्नुपर्ने योजना/कार्यक्रमहरु सम्पन्न गर्न गाउँपालिकामा ईन्जिनियर उपलब्ध नभएकोले र बागमती प्रदेश लोकसेवा आयोगमा माग भइसकेकोमा लोकसेवा आयोगबाट सिफारिस हुन केहि समय लाग्ने देखिएको हुँदा तत्काल सम्पन्न गर्नुपर्ने कामहरुमा अवरोध नहोस भन्ने उद्देश्यले अर्को व्यवस्था नभएसम्मको लागि ईन्जिनियर, छैठौं (एक) र हलुका सवारी चालक (एक) ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

ग. कार्यपालिकाको मासिक बैठक प्रत्येक महिनाको १० गते र सो दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट वस्ने निर्णय गरियो ।

शंकर मान ... उपाध्यक्ष

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

रमा

मिठु